Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

## स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको

# एकतीसौं बार्षिक साधारण सभाको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको **मिति २०७४ साल पुष ३** गते बसेको संचालक समितिको **३६३ औं** बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको एकतीसौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष **श्री जितेन्दर अरोरा**ज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको स्थान, मिति र समय :**

२.१ स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।
२.२ मिति : २०७४ साल पुष २६ गते (तदनुसार १० जनवरी २०१८), बुधबार ।
२.३ समय : दिउँसो १:०० बजे प्रारम्भ भई साँझ ५:०० बजे सम्पन्न भयो ।

३. **सभाको सूचना प्रकाशन :**

३.१ साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितका विवरण खुलाई मिति २०७४ साल पुष ५ गते बुधबार (तदनुसार २० डिसेम्बर २०१७) को 'आर्थिक अभियान' राष्ट्रिय दैनिक पत्रिकामा तथा मिति २०७४ साल पुष ६ गते, बिहीबार (तदनुसार २१ डिसेम्बर २०१७) को 'कारोबार' राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

३.२ सञ्चालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण (संक्षिप्त आर्थिक विवरण) तथा अन्य विवरणहरू संक्षिप्त पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूले उपलब्ध गराउनु भएको व्यक्तिगत ठेगानामा पत्राचार गरी यथासमयमा पठाइएको थियो ।

४. **सभाको विषय सूची :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७३/०७४ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०७४ मा समाप्त भएको वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. ५.२६ (अक्षेरुपी पाँच रुपैया छब्बिस पैसा) का दरले नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने ।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । {बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३(२) अनुसार वर्तमान लेखापरीक्षक पुनः नियूक्त हुन सक्नेछ}
५. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. बैंकको अधिकृत पूँजी वृद्धि गरी रु. ९,०००,०००,००० (अक्षरेपी नौ अर्ब रुपैयाँ) पुऱ्याउन स्वीकृत गर्ने ।

२. बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गरी रु. ८,०११,४३०,६६७ (अक्षरेपी आठ अर्ब एक करोड चौध लाख तिस हजार छ सय सड्सठ्ठी मात्र) पुऱ्याउन १०० प्रतिशत (अर्थात प्रत्येक १ शेयर बराबर १ शेयर) को अनुपातमा बोनश शेयर जारी गर्न स्वीकृत गर्ने र सो गर्दा बैंकको पूँजी समेत बृद्धि हुने हुँदा सो को लागि प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) समेत संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी समेत बृद्धि गर्ने ।

३. प्रबन्धपत्रको दफा ४, दफा४ (क) देखि (ष) सम्म, दफा ५ (क), (ख), (ग) र (घ), दफा ७ (ग), दफा ७ (ज) र दफा ११ मा संशोधन गर्ने र दफा ७ (ग १) नयाँ व्यवस्था थप गर्ने ।

४. नियमावलीको नियम ६(९), नियम ८(१) देखि ८(४) सम्म, नियम १० (१), १०(५), १०(६), नियम ११(१), नियम १३(२), नियम १५, नियम १६(१), १६(२), नियम १७, नियम २०(३), नियम २०(५), नियम ३४(१) र (२), नियम ३८(३) र नियम ४४(१) मा संशोधन गर्ने ।

५. प्रबन्धपत्र तथा नियमावलीको बिभिन्न दफा तथा नियमहरुमा रहेको "बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३" लाई "बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३" गरी संशोधन गर्ने ।

६. विशेष प्रस्तावका संशोधनहरुबाट प्रबन्धपत्र र नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताबिक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

**ग. विविध ।**

५. **उपस्थिति :**

५.१. **सञ्चालकहरू :**

(क) श्री जितेन्दर अरोरा - अध्यक्ष
(ख) श्रीमती करेन डि एलविस - सञ्चालक तथा सदस्य - लेखापरीक्षण समिति
(ग) श्रीमती निता रेगी - सञ्चालक/अध्यक्ष - लेखापरीक्षण समिति/सदस्य - जोखिम व्यवस्थापन समिति
(घ) श्री मन बहादुर राई - संचालक
(ङ) श्री कृष्ण कुमार प्रधान - संचालक तथा अध्यक्ष - जोखिम व्यवस्थापन समिति
(च) श्री जोसेफ सिल्भानुस - संचालक तथा प्रमुख कार्यकारी अधिकृत

५.२. **प्रतिनिधिहरू :**

(क) श्री गोपी भण्डारी - स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, सिड्नी अष्ट्रेलिया
(ख) श्री संजय बल्लभ पन्त- स्ट्याण्डर्ड चार्टर्ड बैंक, लण्डन, संयुक्त अधिराज्य

५.३. **पर्यवेक्षकहरू :**

(क) श्री राजेन्द्र थापा - श्री कम्पनी रजिष्ट्रारको कार्यालय

५.४. **शेयरधनीहरूको उपस्थिति** :

| | | | |
|---|---|---|---|
| (क) | कुल शेयर (संख्यामा) | - | ४,००,५७,१५३.३३ |
| (ख) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | - | २,९२,९२,२४० |
| (ग) | शेयरधनी स्वयंबाट प्रतिनिधित्व (संख्यामा) | - | ११,६७,९८० |
| (घ) | संस्थापकको प्रतिनिधिबाट प्रतिनिधित्व(संख्यामा) | - | २,८१,२४,२६० |
| (ङ) | जम्मा उपस्थित शेयरधनीहरूको संख्या | - | ४,१८० |
| (च) | जम्मा शेयर संख्याको प्रतिनिधित्व (प्रतिशतमा) | - | ७३ प्रतिशत |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य हुनुहुन्थ्यो ।

## ६. सभाको वैधानिकता र गणपुरक संख्या :

६.१. साधारण सभा शुरू हुनु अघि कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३, बैंकको प्रबन्ध-पत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम ३१ औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली अनुरूप सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको सभालाई जानकारी दिनुभयो ।

६.२. तत्पश्चात् निर्धारित विषय-सूचीको क्रमानुसार कानून बमोजिम सभा अगाडि बढ्यो ।

## ७. सभाको अध्यक्षता र सभा सञ्चालन :

सभाको वैधानिकता पूरा भएपछि सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र बैंकको नियमावलीको नियम ६ (१) अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री जितेन्दर अरोरा ज्यूलाई यस एकतीसौं वार्षिक साधारण सभाको अध्यक्षता गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र श्री जितेन्दर अरोराज्यूले सभाको अध्यक्षता गर्नुभयो ।

## ८. संचालक समितिको एकतीसौं वार्षिक प्रतिवेदन प्रस्तुति :

८.१. सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सञ्चालक समितिका अध्यक्ष श्री जितेन्दर अरोराज्यूले आफ्नो मन्तव्यको मुख्य मुख्य अंश पढेर सुनाउनु भयो ।

८.२. अध्यक्षको मन्तव्य प्रस्तुत भएपछि सञ्चालक समितिको एकतीसौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात र मिति २०७३/४/१ देखि २०७४/०३/३१ सम्मको नाफा नोक्सानको हिसाब र सोही अवधिको नगद प्रवाह विवरण संलग्न अनुसूचीहरु उपर छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव तथा प्रश्न राख्न तथा छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरूलाई सभाका अध्यक्ष श्री जितेन्दर अरोराज्यूले आह्वान गर्नुभयो ।

## ९. छलफलमा सहभागी हुनुभएका शेयरधनी महानुभावहरू :

छलफलका लागि अध्यक्षले आमन्त्रण गर्नु भए अनुसार सभामा निम्न शेयरधनी महानुभावहरूले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो ।

श्री अमृत नाथ रेग्मी
श्री माधव कुमार श्रेष्ठ
श्री ब्यास कुमार शर्मा
श्री अशोक उप्रेती
श्री मेजर कुवेर श्रेष्ठ
श्री कृष्ण कस्यप
श्री डिल्ली राम नकर्मी
श्री डा.सुन्दर लाल श्रेष्ठ
श्री चन्द्रमान श्रेष्ठ
श्री उद्धव प्रसाद घिमिरे
श्री रोज कुमार श्रेष्ठ
श्री दिवाकर खडका
श्री राम गोपाल महर्जन
श्री गुण राज भट्ट
श्री जयन्द्र मान सिंह बानीया
श्री ब्रम्हदेव शाक्य
श्री राजेश शाक्य

Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

श्री राजेन्द्र सुन्दर श्रेष्ठ

१०. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्यको संक्षिप्त विवरण :**

छलफलको क्रममा सहभागी हुने शेयरधनी महानुभावहरूले पेश गर्नुभएको मन्तव्य तथा सुझावका मुख्य बुदाँहरु देहाय बमोजिम संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

बैंकले शेयरधनीलाई शतप्रतिशत बोनस शेयर प्रदान गरि पुँजी बृद्धी गरेकोमा बैकलाई धन्यवाद दिनु भयो । हाइड्रो पावरमा लगानी विस्तार गर्न सुझाव दिनु भयो । नेपालमा ७ प्रदेश कायम गरीएको हुदाँ हरेक प्रदेशमा बैंकको १ शाखा विस्तार गर्न सुझाव दिनु भयो । बैकको हालसम्म आफ्नै भवन नरहेको हुदाँ आफ्नै भवन बनाउन सुझाव दिनु भयो । समिक्षा अवधिमा कार्यसम्पादन राम्रो भएकोमा बैक लाई धन्यवाद दिनु भयो । NPA लाई न्युन बनाउन बैक सफल भएको भनि प्रशंसा गर्नु भयो । बैकले संस्थागत सामाजिक उत्तरदायीत्व अन्तर्गत नेपालका कलासंस्कृती जोगाउने कार्यक्रमहरु गर्न समेत सुझाव दिनु भयो । बैकको संचालक समिति असाध्यै उपयुक्त रहेको भनि प्रशंसा गर्नु भयो । यस बैकको निक्षेप अन्यको तुलनामा कम रहेको सम्बन्धमा ध्यानाकर्षण गराउनु भयो । साधारण सभाको कार्यक्रमलाई प्रत्यक्ष प्रशारण गरि सभाहल बाहीर रहनु भएका शेयरधनीहरुलाई हल बाहीरै कार्यक्रम हेर्ने प्रबन्ध मिलाउनु भएकोमा बैकलाई धन्यवाद दिदै प्रशंसा गर्नु भयो । यस बैंकका धेरै संचालकले पारिश्रमीक नलिई काम गर्नु भएकोमा धन्यवाद दिनु भयो ।
आगामी बर्षमा कम्तीमा २५ प्रतिशत प्रतिफल दिन सक्ने गरी कार्यसम्पादन गर्न सुझाव दिनु भयो । बैकको शाखा कार्यालयहरु विस्तार गर्न सुझाव दिनु भयो । बैकलाई यो असल अवस्थामा पु-याउन कर्मचारीहरुको योगदान रहेको भनि कर्मचारीहरुको प्रशंसा गर्नु भयो । बैकिङ्ग व्यवसायबाट हुने आम्दानी भन्दा विदेशी विनिमय तथा अन्य आम्दानी बढि देखिएको हुँदा आगामी दिनमा बैकिङ्ग व्यवसायबाट हुने आम्दानी हिस्सा समेत बढाउन सुझाव दिनु भयो । यस बैंकको वित्तीय विवरणहरुको अध्ययन गर्दा विदेशी मुद्रा सटहीबाहेक अन्य आम्दानी बैंकले बढाउन नसकेकोमा गुनासो गर्दै व्यवसाय बृद्धि गर्दै अन्य आम्दानी बढाउन सुझाव दिनु भयो । आगामी बर्षको लागी कार्यक्रम र योजनाहरु सहित व्यवसाय बृद्धिमा ध्यान दिनका लागी अनुरोध गर्दै आगामी दिनमा यस बैंकको उत्तरोरत प्रगतीको कामना गर्दछु भनि सुभेच्छा व्यक्त गर्नु भयो ।

**११. सभाका अध्यक्षज्यूको जवाफः**

साधारण सभामा भाग लिन आउनु भएका शेयरधनीहरुलाई धन्यवाद दिँदै उहाँले शेयरधनीहरुले गर्नु भएका प्रशंसा, उठाउनु भएका जिज्ञासा तथा प्रश्नहरुको लागि पनि सञ्चालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्नु भयो । उहाँले आफूले अहिले नै जवाफ दिनसक्ने प्रश्नहरुको जवाफ दिने प्रयास गर्ने तथा शेयरधनीहरुमध्ये कसैको प्रश्न अनुत्तरित रहेमा कर्पोरेट अफेयर्स बिभाग/कम्पनी सचिवलाई लेख्न सक्ने र सोको जवाफ दिइने कुरा बताउनु भयो ।

क) हाइड्रो, हस्पीटालिटी तथा इन्फ्रास्ट्रकचरमा बैंकले लगानी गर्ने सोचका साथ बैंक अगाडि बढिरहेको जानकारी गराउनु भयो । आगामी बर्षको लागी बैंकको उच्च व्यवस्थापन तथा संचालक समिति बैंकको उच्च कार्यसम्पादनको लागी सचेत रहेको र सोहि अनुरुप कार्य गरीरहेको जानकारी गराउनु भयो ।

ख) आ. व. २०७४/७५ को पहिलो त्रैमासको कार्यसम्पादन असाध्यै उत्साहजनक रहेको र दोश्रो त्रैमासको कार्यसम्पादन समेत राम्रो हुनेमा आशावादी रहेको जानकारी गराउनु भयो । बैंक व्यवस्थापनले शेयरधनीलाई दिने प्रतिफल प्रति सचेत रहेको र सोही अनुरुप कार्य भई रहेको जानकारी गराउनु भयो । यस आ. व. को कार्यसम्पादनको हिसावले असाध्यै राम्रो रहने छ । लागानीका लागी बिभिन्न क्षेत्रहरु पहिचान भै सकेको हुदाँ बैंकले आगामी दिनमा लगानी बढाउदै राम्रो प्रतिफल आर्जन गर्न सक्षम हुनका साथै शेयरधनीलाई राम्रो प्रतिफल दिन बैंक सफल हुनेमा बैंक ब्यवस्थापन विश्वस्त रहेको जानकारी गराउनु भयो । लगानीको लागी बैंकसँग आवश्यक नगद तरलता रहेको जानकारी दिनु भयो ।

ग) कर्पोरेट कार्यालयको लागि आफ्नै भवन निर्माण वा खरिद गर्दा पुँजी अचल सम्पत्तीमा फस्ने जानकारी गराउँदै बैकको उदेश्य भनेको लगानी गर्ने र मुनाफा कमाउने र शेयरधनीलाई प्रतिफल दिने हो ।

**१२. प्रस्ताव तथा निर्णय** :

अध्यक्षज्यूले जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो ।

**क. सामान्य प्रस्ताव :**

**१. आर्थिक वर्ष २०७३/०७४ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने :**

**निर्णय:**

सञ्चालक समितिको आर्थिक वर्ष २०७३/७४ प्रतिवेदन छलफल गरी पारित गर्ने प्रस्ताव अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०७४ मा समाप्त भएको वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने :**

**निर्णय:**

लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०७४ मा समाप्त भएको वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. ५.२६ (अक्षेरुपी पाँच रुपैया छब्बिस पैसा) का दरले नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने:**

**निर्णय:**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. ५.२६ (अक्षेरुपी पाँच रुपैया छब्बिस पैसा) का दरले नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । {बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३(२) अनुसार वर्तमान लेखापरीक्षक पुनः नियूक्त हुन सक्नेछ}:**

**निर्णय:**

यस साधारण सभाको समाप्तिदेखि अर्को साधारण सभासम्म एक जना लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तय गर्ने प्रस्तावका सम्बन्धमा कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तिय संस्था सम्वन्धी ऐन, २०७३ ले व्यवस्था गरे बमोजिम वर्तमान लेखापरीषक पुनः नियुक्त हुन योग्य भएको हुदाँ बैंकको लेखापरीक्षण समिति र संचालक समितिले वर्तमान लेखापरीषक श्री एसएआर चार्टर्ड एकाउन्टेन्ट्स्लाई (साविक एलडिएसए एसोसिएट्स) नियुक्तिको लागि सिफारिस गरेको जानकारी अध्यक्षले गराउँदै शेयरधनीहरूलाई उक्त लेखापरीक्षण फर्मलाई आर्थिक वर्ष २०७४/०७५ को लागि लेखापरीक्षक नियुक्त गर्ने र उक्त फर्मलाई लेखापरीक्षण शुल्क जम्मा रु. २०,५०,०००/- (अक्षरेपी बिस लाख पचास हजार मात्र) कायम गर्ने गरी नियुक्त गर्ने प्रस्ताव स्वीकृति/अनुमोदनका लागि पेश गरिएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**५. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने:**

**निणर्य:**
सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालक निर्वाचन प्रक्रिया सञ्चालन गर्नका लागी सञ्चालक समितिका अध्यक्ष श्री जितेन्दर अरोराज्यूले निर्वाचन अधिकृतलाई अनुमति दिनु भई सो बमोजिम निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया अगाडी बढाउनु भयो । सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालक पदका लागी बैंकका शेयरधनी श्री. अविनास अग्रवाल बाहेक अन्य उम्मेदवारी नपरेको हुनाले बैंकको सर्वसाधारण शेयरधनीका तर्फबाट बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्न श्री अविनास अग्रवाल सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा निर्वाचन अधिकृतज्यूले गर्नु भयो । संचालक समिति, सभामा उपस्थित सम्पुर्ण शेयरधनी तथा बैंक ब्यवस्थापनले नव निर्वाचित संचालकलाई हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना दिनु भयो ।

**ख. विशेष प्रस्ताव**
विषय सूचीमा उल्लेखित विशेष प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो ।

**१. बैंकको अधिकृत पूँजी वृद्धि गरी रु. ९,०००,०००,००० (अक्षरेपी नौ अर्ब रुपैयाँ) पुऱ्याउन स्वीकृत गर्ने ।**

**निर्णय:**
बैंकको अधिकृत पूँजी वृद्धि गरी रु. ९,००,००,००,०००/- (अक्षरेपी नौ अर्ब रुपैया) बनाउने सम्बन्धी विशेष प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सो विशेष प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**२. बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गरी रु. ८,०११,४३०,६६७ (अक्षरेपी आठ अर्ब एक करोड चौध लाख तिस हजार छ सय सड्सठ्ठी मात्र) पुऱ्याउन १०० प्रतिशत (अर्थात प्रत्येक १ शेयर बराबर १ शेयर) को अनुपातमा बोनश शेयर जारी गर्न स्वीकृत गर्ने र सो गर्दा बैंकको पूँजी समेत बृद्धि हुने हुँदा सो को लागि प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) समेत संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी समेत बृद्धि गर्ने :**

**निर्णय:**
बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गरी रु. ८,०११,४३०,६६७ (अक्षरेपी आठ अर्ब एक करोड चौध लाख तिस हजार छ सय सड्सठ्ठी मात्र) पुऱ्याउन १०० प्रतिशत (अर्थात प्रत्येक १ शेयर बराबर १ शेयर) को अनुपातमा बोनश शेयर जारी गर्न स्वीकृत गर्ने र त्यसका साथसाथै सो गर्दा बैंकको पूँजी समेत बृद्धि हुने हुँदा सो को लागि प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) समेत संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी समेत बृद्धि गर्ने विशेष प्रस्ताव सभामा अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सो विशेष प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**३. प्रबन्धपत्रको दफा ४, दफा४ (क) देखि (ष) सम्म, दफा ५ (क), (ख), (ग) र (घ), दफा ७ (ग), दफा ७ (ज) र दफा ११ मा संशोधन गर्ने र दफा ७ (ग १) नयाँ व्यवस्था थप गर्ने:**

**निर्णय :**
प्रबन्ध-पत्रको दफा ४, दफा४ (क) देखि (ष) सम्म, दफा ५ (क), (ख), (ग) र (घ), दफा ७ (ग), दफा ७ (ज) र दफा ११ मा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई साधारण सभाको सूचनासाथ पठाइएको तीन महलेमा उल्लेखित कारणहरुले गर्दा संशोधन गर्नु परेको जानकारी गराउनु भयो । साथै बैंकको प्रबन्धपत्रको संशोधन सोही अनुसार स्वीकृत गर्ने विषेश प्रस्ताव सभाका अध्यक्षज्यूबाट पेश हुँदा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूबाट देहाय बमोजिम संसोधन कायम हुने गरी सर्वसम्मतिबाट विषेश प्रस्ताव पारित भयो ।

**दफा ४** बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः यस बैंकले दफा ३ बमोजिमको उद्देश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) बमोजिम "क" वर्गको बैंकको रुपमा रही सो ऐन, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछः

(क) ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने वा विभिन्न वित्तीय उपकरण मार्फत निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने,
(ख) विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप स्वीकार गर्ने, भुक्तानी दिने, लेनदेन गर्ने, मध्यस्थताको काम गर्ने र रकमान्तर गर्ने,
(ग) हायर पर्चेज, लिजिङ्ग, हाउजिङ्ग, अधिविकर्ष लगायतका कर्जा दिने,
(घ) परियोजना तथा हाइपोथिकेशन धितो राखी कर्जा दिने एवं सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारी पासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने दिलाउने व्यवस्था गर्ने,
(ङ) विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने, पुनर्कर्जा लिने वा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने दिने,
(च) आफू कहाँ पहिले नै धितो रहिसकको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितोरहिसकको चल अचल सम्पत्तिको पुन: धितोमा त्यसको मूल्यले खामेसम्मको रकम कर्जा दिने,
(छ) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहकसँग आवश्यक शर्त गराउने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने र धितोबन्धक, सुरक्षणमा लिएको सम्पत्ति प्राप्त गर्ने, धारण गर्ने तथा सो सम्बन्धी अन्य कारोबार गर्ने,
(ज) आवश्यकता अनुसार राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने दिने,
(झ) परियोजनाको प्रबर्द्धनको लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकाय मार्फत प्राप्त भएको रकमबाट कर्जा प्रवाह गर्ने वा कर्जा व्यवस्थापन गर्ने,
(ञ) प्रचलित कर्जा अपलेखन विनियमावलीको अधीनमा रही कर्जा अपलेखन गर्ने,
(ट) पूँजी कोष पुरा गर्ने प्रयोजनका लागि शेयर, डिबेञ्चर, ऋणपत्र आदि जारी गर्ने,
(ठ) प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रु चेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद बिक्री गर्ने,
(ड) विद्युतीय कारोबारका लागि डिजिटल वा कार्ड लगायतका वित्तीय उपकरण जारी गर्ने, स्वीकार गर्ने, व्यवस्थापन गर्ने र सो सम्बन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने,
(ढ) प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,
(ण) राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशन बमोजिम सरकारी कारोबार गर्ने,
(त) नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद- बिक्री गर्ने वा सकार गर्ने,
(थ) नेपालभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, विदेशबाट विप्रेषण प्राप्त गर्ने र सो को भुक्तानी गर्ने,
(द) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद- बिक्री गरिदिने, शेयरको लाभांश, डिबेञ्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपालभित्र वा विदेशमा पठाउने, ग्राहकको लागि सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,
(ध) वासलात बाहिरको कारोबार गर्ने,
(न) विपन्न वर्ग, न्यून आय भएको परिवार, दैवीप्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत
(प) आफू तथा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी राष्ट्र बैंक, सम्बन्धित निकाय वा अन्य बैंक वा वित्तीय संस्थाबीच लिने दिने,
(फ) सुन, चाँदी खरिद-बिक्री गर्ने,
(ब)परियोजना स्थापना, सञ्चालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,
(भ) यस ऐन र प्रचलित कानून बमोजिम आफ्नो स्वामित्वमा आउने सबै प्रकारका जायजेथाको उचित व्यवस्थापन तथा बिक्री गर्ने,
(म) प्रचलित कानून बमोजिम दुई वा दुईभन्दा बढी व्यक्तिहरुबीच हुने कुनै कार्य बापत तिर्नु बुझाउनु वा लिनु पर्ने रकम उक्त काम भएपछि भुक्तानी लिने दिने व्यवस्था गर्न दुई पक्षको सहमतिमा जमानी बस्ने,
(य) अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने,
(र) नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही शेयर, डिबेञ्चर, बण्ड, ऋणपत्र, बचतपत्र, वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने,
(ल) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसंग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने,
(व) नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम कर्जा दिने,
(व१) धितोपत्र खरिदको दरखास्त संकलन सम्बन्धी कार्य गर्न सक्ने ।

(ष) सम्बन्धित निकायको स्वीकृति लिनुपर्ने भए सो समेत लिई आवश्यकता अनुसार बोनस शेयर वा हकप्रद शेयर जारी गर्ने ।

**दफा ५ (क)** बैंकको अधिकृत पूँजी रू. ९,०००,०००,००० (अक्षरेपी नौ अर्ब रुपैयाँ) हुनेछ। उक्त पूँजीलाई रू. १००/- का दरले ९०,०००,००० (नौ करोड) साधारण शेयरमा विभाजित गरिएको छ।

**दफा ५ (ख)** बैंकको जारी पूँजी रू. ८,०११,४३०,६६७ (अक्षरेपी आठ अर्ब एक करोड चौध लाख तिस हजार छ सय सडसठ्ठी मात्र) हुनेछ।

**दफा ५ (ग)** बैंकको चुक्ता पूँजी रू. ८,०११,४३०,६६७ (अक्षरेपी आठ अर्ब एक करोड चौध लाख तिस हजार छ सय सडसठ्ठी मात्र) हुनेछ।

**दफा ५ (घ)** बैंकको जारी पूँजीको समूहगत शेयर स्वामित्व देहाय बमोजिम हुनेछ :-

(१) संस्थापक शेयरधनीहरुलाई समूह "**क**" मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ७०.२ प्रतिशत हुनेछ र यस समूहमा निम्न शेयरधनीहरुको निम्न बमोजिमको शेयर स्वामित्व प्रतिशत रहनेछः :

(क) स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, सिड्नी, अष्ट्रेलियाको ४६.८ प्रतिशत।

(ख) स्ट्याण्डर्ड चार्टर्ड बैंक, लण्डन, संयुक्त अधिराज्यको २३.४ प्रतिशत।

(२) सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह **"ख"** मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व २९.८ प्रतिशत हुनेछ।

**दफा ७ (ग)** बैंकले कारोबार सञ्चालन गरेको कम्तीमा पाँच वर्ष नपुगेसम्म संस्थापकले आफ्नो नाममा रहेको शेयर बिक्री गर्न वा धितोबन्धक राख्न पाउने छैन।

तर, बैंकको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सिर्जना हुन गएमा वा संस्थापक अन्य बैंक वा वित्तीय संस्थाको वित्तीय कारोबारमा कालोसूचीमा समावेश हुन पुगेमा राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुबीच एक आपसमा शेयर खरिद वा बिक्री गर्न सकिनेछ।
तर त्यसरी शेयरमाथिको हक छोड्दा वा शेयर हस्तान्तरण गर्दा जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई पहिलो प्राथमिकता दिनु पर्नेछ। समूहभित्र उपसमूह रहेको अवस्थामा जुन उपसमूहको शेयर हो सोही उपसमूहका शेयरधनीलाई प्राथमिकता दिइनेछ। यसरी शेयर बिक्री गर्दा एकभन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ। सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णयबमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ।

**दफा ७ (ग१)** संस्थापकले बैंकले कारोबार सञ्चालन गरेको मितिले पाँच वर्ष पुगेपछि र सर्वसाधारणमा शेयर जारी गरेपछि आफ्नो नाममा रहेको शेयर बिक्री गर्न वा धितो बन्धक राख्न चाहेमा नेपाल राष्ट्र बैंकको स्वीकृती लिई बिक्रि गरेको त्यस्तो शेयर संस्थापक समूहमा नै रहने गरी बिक्री गर्न वा धितो बन्धक राख्न सक्नेछ।
तर चुक्ता पूँजीको दुई प्रतिशतभन्दा कम शेयर धारण गर्ने संस्थापकले आफ्नो शेयर बिक्रि वा धितो बन्धक राख्दा नेपाल राष्ट्र बैंकको स्वीकृती लिन आवश्यक पर्ने छैन।

**दफा ७ (ज)** कसैले खण्ड (छ) को विपरीत कुनै काम गरेमा त्यस्तो धितोपत्र सम्बन्धित बैंकले जफत गरी राष्ट्र बैंकले तोके बमोजिम बिक्री वितरण गर्नु पर्नेछ।

**दफा ११** प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :यस प्रबन्धपत्रमा बैंकले कुनै संशोधन गर्नुपर्ने भएमा कम्पनी कानून बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव मुताबिक भएको संशोधन राष्ट्र बैंकबाट स्वीकृत भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन लागु हुनेछ।

४. **नियमावलीको नियम ६(९), नियम ८(१) देखि ८(४) सम्म, नियम १० (१), १०(५), १०(६), नियम ११(१), नियम १३(२), नियम १५, नियम १६(१), १६(२), नियम १७, नियम २०(३), नियम २०(५), नियम ३४(१) र (२), नियम ३८(३) र नियम ४४(१) मा संशोधन गर्ने।**

**निर्णयः**

नियमावलीको नियम ६(९), नियम ८(१) देखि ८(४) सम्म, नियम १० (१), १०(५), १०(६), नियम ११(१), नियम १३(२), नियम १५, नियम १६(१), १६(२), नियम १७, नियम २०(३), नियम २०(५), नियम ३४(१) र (२), नियम ३८(३) र नियम ४४(१) मा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई साधारण सभाको सूचनासाथ पठाइएको तीन महलेमा उल्लेखित कारणहरुले गर्दा संशोधन गर्नु परेको जानकारी गराउनु भयो । साथै बैंकको नियमावलीको संशोधन सोही अनुसार स्वीकृत गर्ने विषेश प्रस्ताव सभाका अध्यक्षज्यूबाट पेश हुँदा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूबाट देहाय बमोजिम हुन गरी सर्वसम्मतिबाट विषेश प्रस्ताव पारित भयो ।

**नियम ६(९)** साधारण सभामा पेश नभएको प्रस्ताव उपर निर्णय गर्न पाइने छैन । तर साधारण सभामा मतदान गर्न पाउने कम्पनीको जम्मा शेयरको सतसट्ठी प्रतिशत शेयरलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत उपस्थित भई कुनै विषयमा निर्णय लिने पक्षमा मतदान गरेमा नयाँ प्रस्ताव पेश गर्न सकिनेछ ।

**नियम ८** सञ्चालकको संख्या र कार्यकालः (१) यस बैंकको सञ्चालकहरुको निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित कानून र यस नियमावली बमोजिम वार्षिक साधारण सभाबाट हुनेछ ।

तर स्वतन्त्र सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ र सोको जानकारी नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ ।

(२) यस बैंकमा पाँच (५) जनाको सञ्चालक समिति रहनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :

(अ) संस्थापक समूहका शेयरधनीहरूको आपसी समझदारीबाट मनोनित वा निर्वाचित तिन (३) जना ।
(क) स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, सिड्नी, अष्ट्रेलिया बाट दुई (२) जना ।
(ख) स्ट्याण्डर्ड चार्टर्ड बैंक, लण्डन, संयुक्त अधिराज्यबाट एक (१) जना ।
(आ) सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित एक (१) जना ।
(इ) स्वतन्त्र सञ्चालक एक (१) जना ।

(३) सञ्चालकहरुको कार्यकाल बढीमा ४ वर्षको हुनेछ र निज पुनः नियुक्त वा मनोनित हुन सक्नेछ ।

तर,
(क) सञ्चालकहरुको कार्यकाल चार (४) वर्षमा नबढने गरी निजहरु निर्वाचित भएको साधारण सभा पछि हुने चौथौ साधारण सभाको (४ वटा साधारण सभा) समाप्तीसम्म कायम रहनेछ ।
(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ।
(ग) स्वतन्त्र सञ्चालक एक (१) कार्यकालको लागी मात्र नियुक्त हुन सक्नेछ । संचालक समितिले स्वतन्त्र संचालक नियुक्ति गरेको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभालाई दिनु पर्नेछ ।

(४) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै सञ्चालकको पद रिक्त हुन आएमा अर्को वार्षिक साधारण सभा नभएसम्मको लागि सञ्चालकको नियुक्ति सञ्चालक समितिद्वारा गर्न सकिनेछ ।

तर, कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा उक्त संस्थाबाट मनोनित संचालकको पद रिक्त भएमा सोही संस्थाले अर्को सञ्चालक नियुक्त गर्न सक्नेछ र यस्तो अवस्थामा उपनियम ४ लागु हुने छैन ।

**नियम १०(१)** सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ९ मा उल्लेखित पदाधिकारीले बोलाउने छ । कम्तीमा एक तिहाइ सञ्चालकले बैठकमा छलफल गर्नु पर्ने विषय समेत खुलाई लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ ।

**नियम १०(५)** सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

**नियम १०(६)** सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा बाह्र पटक बस्नु पर्नेछ । तर,दुई वटा बैठकको बीचको फरक साठी दिन भन्दा बढी हुने छैन ।

**नियम ११(१)** बैंकको सञ्चालकहरुको निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही साधारण सभाबाट हुनेछ र स्वतन्त्र सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ।

तर कुनै संगठित संस्था, विदेशि बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले आफुले लिएको शेयरको अनुपातमा हुन आउने संचालक नियुक्त गर्न र निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक संचालक समेत नियुक्त गर्न सक्नेछ।

**नियम १३(२)** यस बैंकको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा ३०० थान शेयर लिएको हुनुपर्नेछ।

तर, स्वतन्त्र सञ्चालक तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंकमा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिएको हुन जरुरी हुने छैन।

**नियम १५** मतदान गर्ने अधिकारः प्रचलित कम्पनी कानून वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयर बापत एउटा मत दिने अधिकार हुनेछ।

तर सञ्चालकको निर्वाचन प्रयोजनको लागी प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर सङ्ख्याले नियुक्त गर्नु पर्ने सञ्चालकको सङ्ख्यालाई गुणन गर्दा हुने सङ्ख्या बराबरको मतको हिसाबले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरधनीले आफ्नो सबै मत एउटै उम्मेदवारलाई वा एकभन्दा बढी उम्मेदवारलाई निजले तोके बमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ।

**नियम १६** स्वतन्त्र सञ्चालक नियुक्ति गर्ने तथा निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्थाः (१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम सो ऐनले तोकेको योग्यता पुगेको व्यक्ति मध्येबाट एक (१) जना स्वतन्त्र सञ्चालकको नियुक्ति सञ्चालक समितिले गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ।

**नियम १६(२)** निजको कार्यकाल चार वर्षको हुनेछ र निज एक कार्यकालको लागि मात्र नियुक्त हुन सक्नेछ।

**नियम १७** खारेज गर्ने।

**नियम २० (३)** कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनः नियुक्ति हुन सक्नेछ।
तर निजको कार्यकाल गणना गर्दा निजको पहिलो कार्यकाल बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ लागू भएको बखत एक कार्यकाल भएको मानी गणना गरिनेछ। कार्यकारी प्रमुखको रुपमा कार्यकारी अध्यक्ष वा प्रबन्ध सञ्चालक नियुक्त भएको अवस्थामा भने बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रबन्ध सञ्चालक लगातार दुई कार्यकालसम्म मात्र उक्त पदमा कायम रहन सक्नेछ।

**नियम २० (५)** कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रबन्धपत्र र नियमावलीको अधीनमा रही सञ्चालक समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने, सञ्चालक समितिको निर्णय लागू गर्ने र बैंकको काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने,

(ख) बैंकको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने,

(ग) बैंकको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) साधारण सभाद्वारा गरिएका निर्णय कार्यान्वयन गर्ने, गराउने

(ङ) बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन र राष्ट्र बैंकको निर्देशन अनुरुप संस्था सञ्चालन गर्ने र बैंकको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने,

(च) बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, राष्ट्र बैंकको निर्देशन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैंकले राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(छ) निक्षेपकर्ता, शेयरधनी तथा बैंकको उच्चतम हित हुने गरी सञ्चालन गर्ने,

(ज) सञ्चालक समितिले निर्धारण गरेको नीति अन्तर्गत रही उच्च व्यवस्थापनको लागि उचित मापदण्ड लागू गर्ने ।

**नियम ३४** (१) बैंकले बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन तथा अन्य प्रचलित कानून र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको अनुकुल हुने गरी लेखापरीक्षण समितिको व्यवस्था गरिने छ ।

**नियम ३४** (२) लेखापरीक्षण समितिको काम, कर्तव्य तथा अधिकार बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, अन्य प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनमा उल्लेख गरिएबमोजिम हुनेछ ।

**नियम ३८** (३) (क) सगोलको पति वा पत्नी,
(ख) सगोलको छोरा वा छोरी, धर्मपुत्र वा धर्मपुत्री वा विधवा बुहारी
(ग) सगोलको बाबु, आमा, नाति वा नातिनी,
(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, छोरी, बाबु वा आमा, छोरा, बुहारी वा विवाहित छोरी,
(ङ) सगोलको बाजे, बज्यै, दाजु, भाइ, भदा, भदै, दिदी वा बहिनी, भिन्न बसेका बाजे, बज्यै,
(च) सगोलको सौतेनी आमा, भिन्न बसेको छोरा पट्टिको नाति वा अविवाहित नातिनी,
(छ) भिन्न बसेको दाजु वा भाइ, भदा, भदै, दिदी, बहिनी, भतिजा, भतिजी
(ज) सगोलको काका, विधवा काकी, भाउजु, भाइ बुहारी वा नातिनी बुहारी,
(झ) विवाहित दिदी, बहिनी, भिन्न बसेको नातिनी बुहारी

**नियम ४४ (१)** यस नियमावलीमा बैंकले कुनै संशोधन गर्नुपर्ने भएमा कम्पनी कानून बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव मुताबिक भएको संशोधन राष्ट्र बैंकबाट स्वीकृत भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

## ५. प्रबन्धपत्र तथा नियमावलीको बिभिन्न दफा तथा नियमहरुमा रहेको “बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३” लाई “बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३” गरी संशोधन गर्ने ।

**निर्णय:**
प्रबन्ध-पत्र तथा नियमावलीको बिभिन्न दफा तथा नियमहरुमा रहेको “बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३” लाई “बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३” गरी संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूबाट पेश हुँदा सो सशोधन गर्ने प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिबाट पारित भयो ।

## ६. विशेष प्रस्तावका संशोधनहरुबाट प्रबन्धपत्र र नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताबिक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

**निर्णय:**
विशेष प्रस्तावका संशोधनहरुबाट प्रबन्धपत्र र नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताबिक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूबाट पेश हुँदा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिबाट पारित भयो ।

**ग.विविधः**

सभाका अध्यक्षज्यूले यस विषयमा कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

**१. धन्यवाद ज्ञापनः**

छलफलको निमित्त राखिएका प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले बैंकको राम्रो कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद् ज्ञापन गर्नुभयो र एकतीसौं वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नुभएकोमा सबै शेयरधनीहरूलाई, नियमनकारी निकायका प्रतिनिधिहरुलाई, सम्पूर्ण शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**२. सभा बिसर्जनः**

अन्तमा साँझ **५:००** बजे सभाका अध्यक्षज्यूले बैंकको एकतीसौं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

श्री जितेन्द्र अरोरा
**अध्यक्ष**

बिमल सिंह
**कम्पनी सचिव**